# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शुभाघाट, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

९८५८०६५१११

प.सं.: ०८१।८२
च नं.: ४८९

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शुभाघाट सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

मिति : २०८१।०५।३०

श्री वडा कार्यालय सबै ,
गुर्भाकोट न.पा. शुभाकोट ,सुर्खेत ।

विषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा गुर्भाकोट नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा वनेको कार्यविधि २०७५ मा व्यवस्था भए बमोजीम योजना तथा कार्यक्रमहरु संचालन गर्दा तपशिलमा उल्लेखित विषयहरुमा ध्यान दिई उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गर्ने व्यवस्था मीलाउन हुन अनुरोध छ ।

**तपशिल :**

१) योजना , कार्यक्रम निर्माण, संचालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्नको लागी उपभोक्ता समिति र नगापालिका विच लिखित सम्झौता गर्नुपर्नेछ ।

२) सम्झौता नगरी आफ्नो मनोमानिले निर्माण, संचालन, व्यवस्थापन भएका योजनाहरुको भुक्तानी गर्न नगरपालिका वाध्य हुनेछैन ।

३) उपभोक्ता समितिको गठन तथा संचालन सम्वन्धमा :-

(क) आयोजनावाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आमभेला वाट अधिकतम जनसहभागीतामा सम्वन्धित आयोजना स्थलमा कम्तीमा ७ जना देखी वढिमा ११ जना सम्म रहेको उपभोक्ता समिति गठन गर्ने र उपभोक्ता समिति गठन गर्दा कम्तीमा एक जना जनप्रतिनिधिको रोहवरमा गठन गर्नुपर्ने ।

(ख) उपभोक्ता समिति गठन गर्दा समावेसी सिद्वान्तलाई अवलम्वन गर्दै ३३ प्रतिशत महिला समितिमा समावेस गर्नुपर्नेछ र अध्यक्ष, कोषाध्यक्ष तथा सचिव मध्ये एक जना महिला अनिवार्य हुनुपर्ने ।

(ग) उपभोक्ता समिति गठन गर्दा सगोलको परिवारवाट एक जना भन्दा वढि व्यक्ति एउटै उपभोक्ता समितिमा सदस्य हुन पाउने छैन ।

(घ) उपभोक्ता समितिले सम्झौता वमोजिम गर्नुपर्ने काम आफैले गर्नु ,गराउनु पर्नेछ । अन्य कुनै निमार्ण व्यवसायी , अन्य व्यक्ती वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाईनेछैन ।

(ङ) उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधि सहित उपस्थिती भएको भेलाको फोटो अनिवार्य राख्नुपर्ने छ ।

(च) लाभग्राहि मध्यवाट कम्तीमा तिन जनाको योजनाको रेखदेख तथा अनुगमनका लागी कम्तिमा तिन जनाको अनुगमन समिती वनाउनुपर्ने छ ।

४) उपभोक्ता समितिको योग्यता :-

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थानिय वासिन्दा हुनुपर्ने ।
(ख) १८ वर्ष उमेर पुरा गरी नागरिकता प्रमाणपत्र लिएको हुनुपर्ने ।
(ग) फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको हुनुपर्ने ।

२०८१।०५।३०
पूर्ण वहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(घ) सरकारी वाकि वक्यौता तथा पेश्की फछ्यौट गर्न वाकि नरहेको हुनुपर्ने ।
(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।
(च) जनप्रतिनिधी , राजनैतिक दलका पदाधिकारी , वहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिमा वस्न पाउनेछैन ।

५) सम्झौताका लागी वडा कार्यालयले सिफारिस गर्दा निम्नवमोजिमका कागजात संलग्न गरी सिफारिस गर्नुपर्नेछ :-
(क)उपभोक्ता समिति गठन गर्दाको आम भेलाको निर्णयको प्रतिलिपि ।
(ख) उपभोक्ता समितिको सम्पूर्ण सदस्यको नागरीकताको प्रतिलिपि ।
(ग) आयोजना , कार्यक्रम तथा योजना कार्यान्वयनको कार्यतालिका ।
(घ) उपभोक्ता समितीको भेलाको निर्णय प्रमाणित गरी पठाउनु पर्ने ।
(ङ) वाढी पहिरो वाट क्षेतिहुन गएका सडक , सिचाई , खानेपानि तथा अन्य भौतिक संरचनाहरुको मर्मत सम्भारको लागी प्रहरी मुचुल्का र फोटाहरु अनिवार्य रुपमा राख्नुपर्ने छ ।
(च) खाता संचालन गर्ने पदाधिकारीहरुको तोकेको निर्णय तथा खाता संचालनका लागी आवश्यक पर्ने पदाधिकारीहरुको २/२ प्रती फोटो , नागरीकता को प्रतीलिपी र निर्णय समेत संलग्न हुनुपर्ने साथै खाता संचालक अध्यक्ष , सचिव र कोषाध्यक्ष मध्य एक जना महिला हुनुपर्ने ।

६) नगरपालिका र उपभोक्ता समिति विच सम्झौता गरी दिएको म्याद भित्र काम सम्पन्न हुन नसक्ने भएमा समयमै काम नसक्नुका कारण सहितको उपभोक्ता समितिको निर्णय , वडा कार्यालयको सिफारिस सहित ७ दिन अगावै निवेदन दिई म्याद थप गर्नुपर्नेछ अन्यथा नियमानुसार जरिवाना लाग्नेछ ।

७) आयोजना , कार्यक्रम तथा योजनाको भुक्तानी सम्वन्धमा :-
(क) उपभोक्ता समितिको नाममा वैकमा रहेको खाता मार्फत भुक्तानी हुनेछ ।
(ख) सम्झौता वमोजिमको प्राविधिक मुल्याकंन , कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत वा अन्तिम किस्ता भुक्तानी दिईनेछ ।
(ग) कार्य सम्पन्न भयपछि जनप्रतिनिधिको रोहवरमा उपभोक्ता समितिले आम भेला गरी योजनाको सार्वजनिक सुनाई गरेको निर्णय प्रतिलिपि पेश गर्नुपर्ने ।
(घ) योजनाको काम सुरु गर्नु पूर्वको , विच र काम सम्पन्न भए पछिको फोटाहरु अनिवार्य पेश गर्नुपर्ने ।
(ङ) रु ५ लाख भन्दा माथिको योजनाको नगरस्तरीय तथा वडा स्तरीय अनुगमन प्रतिवेदन र रु ५ लाख भन्दा कमको योजनामा वडाको सम्पूर्ण जनप्रतिनिधि सहितको वडा स्तरीय अनुगमन प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने ।
(च) रु २० हजार भन्दा माथिको सामान खरिदमा भ्याट विल अनिवार्य रुपमा राख्नुपर्ने र रु २० हजार भन्दा कमको लागी प्यान विल अनिवार्य राख्नुपर्ने ।
(छ) सामान ढुवानी गर्दा ढुवानीकर्ताले पैसा वुझेको भरपाई , सवारी चालकको लाईसेन्स र ढुवानी गर्ने गाडीको विलवुक अनिवार्य राख्नुपर्ने ।

२०७९।०५।३०
बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner